**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाण्डौ**

वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुले भोग्नु परेका समस्याहरु समाधान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ वमोजिम बिभिन्न निकायहरुलाई दिईएका सुझावहरु;-

| सि.नं. | सुझावहरु | सुझाव कार्यान्वयन गर्ने निकायहरु |
|---|---|---|
| **१. बिद्यमान कानूनी व्यवस्थाहरुको कार्यान्वयन (Implementation of Existing legal Mechanism)** | | |
| १. | बैदेशिक रोजगार ऐन, २०६४; सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४; बैदेशिक रोजगार नियमावली, २०६४ र बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको निर्देशिका बमाजिमका व्यवस्थाहरुलाई कडाईका साथ लागू गर्ने र त्यसको नियमित अनुगमन गर्ने। यस्ता कार्य गर्दा योजना र कार्यक्रम तयार गरी आवश्यक पर्ने कार्यबिधि एवं निर्शेशिका बनाई गर्ने गराउने।<br><br>__जस्तैः__ तालिम (Orientation and training), कामदारको छनौट, सुरक्षित गृह संचालन, संझौता बमोजिम नभएको अवस्थामा पाउने क्षतिपुर्ति, उद्धार, शव व्यवस्थापन, जनचेतनामूलक कार्यक्रम (बिदेशमा समेत), त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलभित्र व्यवस्थित श्रम डेस्कको संचालन र स्पष्ट कार्यादिश, निष्पक्ष र पारदर्शी ढंगबाट कार्य सम्पादन गर्ने, न्यूनतम जानकारी नै नदिइ हतारमा उडाउने कार्यलाई निरुत्साहित गर्ने, नक्कली (Fake) कागजातहरु बनाइ पेश गर्ने कार्यलाई नियन्त्रण गर्ने, ईजाजतपत्रवालाहरुको नियमित अनुगमन गर्ने, राजदुतावासले प्रदान गर्ने सेवाहरुको बिवरण देखिने गरी राख्ने, स्वास्थ्य परीक्षण गराई वैदेशिक रोजगारीमा गएका तर बिदेशमा परीक्षण गराउँदा असफल भै फर्कि आएकाहरुका लागि क्षतिपूर्तिको व्यवस्था गर्ने। | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अध्यागमन विभाग र सम्बन्धित राजदूतावासहरु |
| २. | विदेशमा समस्यामा परेका कामदारको सुरक्षा एवं मृत्यु भएकालाई शिघ्र स्वदेश फर्काउन Rapid Response Mechanism बनाई कार्यान्वयन गर्ने। | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय, बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, सम्बन्धित राजदूतावासहरु, आवश्यकता अनुसार निजि क्षेत्रको पनि |

| | | |
|---|---|---|
| | | संलग्नता गराउने |
| ३. | सझौता अनुसार काम, तलव नपाएर वा अन्य कारणले नेपाल फर्कन चाहनेहरुको समस्या समाधान गर्न संझौता अवधि समाप्त हुनु अगावै फिर्तिको व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, सम्बन्धित राजदूतावासहरु |
| ४. | काम गर्दा गर्दै दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा मृत्यु भएमा शिघ्र क्षतिपूर्ति (Compensation) को व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, सम्बन्धित राजदूतावासहरु |
| **२. नीतिगत सुधार (Policy Reform)** | | |
| १. | नेपाली श्रमिक आप्रवासी रहेको गन्तव्य मुलुकमा राजदुत नियुक्ति गर्दा सार्वजनिक सेवामा कार्य गरी श्रमिक आप्रवास व्यवस्थापनमा जानकार व्यक्तिलाई प्राथमिकतामा राखी नेपाल सरकारको स्वीकृत मापदण्ड वमोजिम नियुक्ति गर्ने नीति अवलम्वन गर्ने। | नेपाल सरकार, मन्त्रीपरिषद्, परराष्ट्र मन्त्रालय। |
| २. | बैदेशिक रोजगारीमा गै फर्किएका जनशक्तिको रोष्टर तयार गरी अनुभव प्राप्त जनशक्तीलाई स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गर्ने। | श्रम तथा रोजगार मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, कृषि विकास मन्त्रालय, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |
| ३. | नेपाली श्रमिकहरुको गन्तव्य मुलुकमा श्रमिक हित सम्वद्ध नीति वमोजिम श्रम कुटनीतिलाई आधार मानी समग्र कुटनीति व्यबस्थापन गर्ने। | नेपाल सरकार, मन्त्रिपरिषद्; परराष्ट्र मन्त्रालय |
| ५. | अदक्ष (Unskilled) कामदार भन्दा दक्ष वा अर्धदक्ष एवं व्यवसायिक तालिम प्राप्त कामदारलाई बैदेशिक रोजगारीमा पठाउने नीतिको आवश्यकतानुसार परिमार्जन गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउने । | श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, CTEVT, शिप विकास तालिम केन्द्र |
| ६. | बैदेशिक रोजगारमा जाने कामदारहरुलाई सरल प्रक्रियाबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने सम्बन्धमा नीतिगत व्यवस्था गर्ने। | अर्थ मन्त्रालय, बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड |
| **३. कानूनी सुधार (Legal Reform)** | | |

| | | |
|---|---|---|
| १. | बैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (च) मा श्रमिक माग पत्र सम्बद्ध देशमा रहेको नेपाली दूतावास वा चेम्बर अफ कमर्स वा नोटरी पब्लिकले प्रमाणित गरी पठाउन सक्ने व्यवस्था रहेकोमा नेपाली दूतावासले मात्र प्रमाणित गर्ने व्यवस्था मिलाउँदा पर्ने प्रभावको मूल्याङ्कन गरी आवश्यक संशोधन गर्ने। | नेपाल सरकार, मन्त्रिपरिषद्, कानून,न्याय, तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, |
| २. | श्रम स्वीकृति दिनु भन्दा पहिले अनिवार्य रुपमा कामदारको बीमा गराउने व्यवस्था गर्न वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १९ एवं अन्य कानूनमा आवश्यक संशोधन गर्ने। संशोधनमा गन्तव्य मुलुकसँगको सम्झौतामा समेत विदेशमा रहेको संपूर्ण अवधि भरी बीमा गराउनुपर्ने व्यवस्था समावेश गर्ने। | परराष्ट्र मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; श्रम तथा रोजगार मन्त्रालय; वैदशिक रोजगार विभाग; बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड; विमा समिति |
| ३. | त्रिपक्षीय सम्झौता उपलब्ध भए पछि कामदार पठाउने व्यवस्था मिलाउने। यस्तो सम्झौतालाई नेपालीमा अनुवाद गरी श्रमिकलाई स्पष्ट रुपमा जानकारी गराई सो को अभिलेख राख्ने। सो को जानकारी सम्बन्धित राजदुतावासमा समेत दिने । | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, वैदशिक रोजगार विभाग, अध्यागमन विभाग, कुटनितिक नियोगहरु |
| ४. | गन्तव्य देश एवं नेपालमा स्थापना भएका वा हुने सेल्टरमा बस्ने कामदारहरुको लागि प्रदान गरिने खाना एवं बसोबास लगायत उनीहरुलाई प्रदान गरिने सेवा सुबिधाका सम्बन्धमा आवश्यक मापदण्ड बनाउने। | बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, सम्बद्ध दूतावासहरु |
| ५. | श्रमिकलाई गैरकानुनी तरिकाबाट बैदेशिक रोजगारमा पठाउने कार्यलाई मानव वेचविखनको कसुरको रुपमा परिभाषित गरी अदालतमा मुद्दा चलाउन सकिने कानुनी व्यवस्था गर्न उपयुक्त हुने नहुने बिषयमा अध्ययन गरी प्राप्त निष्कर्षका आधारमा आवश्यक भए कानून संशोधन गर्ने, | गृह मन्त्रालय, कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, महिला, बालबालिका तथा स.क. मन्त्रालय |
| ६. | इजाजतवालाले कामदार पठाए पश्चात ईमेल, फ्याक्स वा पत्र मार्फत राजदूतावासमा जानकारी गराउने र कामदारको करार अवधिसम्म सम्बन्धित ईजाजतवालालाई जिम्मेवार बनाईराख्ने गरी कानूनमा आवश्यक सुधार गर्ने। | नेपाल सरकार, मन्त्रिपरिषद्, कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, |
| ७. | नेपालमा स्वास्थ्य परीक्षण सफल देखाई वैदेशिक रोजगारीमा गएपछि हुने स्वाथ्य परीक्षणमा असफल भई फर्कनु परेमा त्यस्ता स्वास्थ्य संस्था | कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, |

| | | |
|---|---|---|
| | वा चिकित्सकलाई समेत कारवाहीको दायरामा ल्याई क्षतिपूर्ति भराउने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय,<br>स्वास्थ्य मन्त्रालय |
| **४.संस्थागत एवं संरचनागत सुधार (Structural and Institutional Reform)** | | |
| १ | नयाँ गन्तव्य पहिचानको लागी बैदेशिक रोजगार प्रवर्द्धन बोर्डका बिशेषज्ञहरुको सेवालाई प्रभावकारी बनाउने । | श्रम तथा रोजगार मन्त्रालय,<br>बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |
| २ | हाल विभिन्न स्थानमा रहेका श्रम कार्यालयहरुलाई श्रम तथा रोजगार प्रवर्द्धन कार्यालयका रुपमा पुनर्संरचना गरी वैदेशिक रोजगार सम्बन्धी सूचना दिने कार्यालयको रुपमा समेत विकास गर्ने। | श्रम तथा रोजगार मन्त्रालय,<br>बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |
| ३ | परराष्ट्र मन्त्रालयभित्र बैदेशिक रोगजार हेर्ने अलग्गै एक उपयुक्त संरचनाको व्यवस्था गर्ने। | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय,<br>सामान्य प्रशासन मन्त्रालय |
| ४ | राजदूत एवं श्रम सहचारीजस्ता कूटनीतिज्ञ नियुक्त गर्दा व्यक्तिको क्षमता, भाषाको ज्ञान, अनुभवजस्ता स्पष्ट मापदण्ड/आधारहरु बनाई गर्ने। | नेपाल सरकार, मन्त्रिपरिषद्,<br>परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय |
| ५ | CTEVT/व्यवसायिक तथा सीप बिकास तालिम केन्द्रबाट कामदारहरुको लागि Area, Subject र Sector Specific तालिम प्रदान गर्ने ।अभिमुखीकरणका लागि देशभरीका सीप बिकास एवं तालिमसँग सम्बन्धित संस्थाहरुलाई साधन सम्पन्न र सुविधायुक्त बनाउने। CTEVT को क्षमता बिस्तार र अभिबृद्धि गरी श्रम बजारले माग गरेको जनशक्ति उत्पादन गर्न श्रम तथा रोजगार मन्त्रालय र CTEVT ले संयुक्त कार्य गर्ने। | अर्थ मन्त्रलाय, श्रम तथा रोजगार मन्त्रालय,<br>शिक्षा मन्त्रालय, उद्योग मन्त्रालय, कृषि बिकास मन्त्रालय,<br>CTEVT/व्यवसायिक तथा सीप बिकास तालित केन्द्र,<br>वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड |
| ६ | बैदेशिक रोजगारीमा जानेहरुका लागि श्रम इजाजत, नविकरण लगायतका सेवा प्रवाहका साथै श्रमिक सम्बन्धी मुद्दामा प्रक्रियागत सरलीकरण, छिटो छरितो, ब्यवस्थित र पारदर्शी सेवा प्रवाह गर्न सम्बन्धित देशमा अवस्थित दूतावास र वैदेशिक रोजगार विभागमा एकद्वार प्रणाली (One Stop Service Centre) स्थापना र संचालन कार्यको सुरुवात गर्ने। | श्रम तथा रोजगार मन्त्रलाय,<br>परराष्ट्र मन्त्रालय |
| **५. कुटनीतिक कार्य (Diplomatic Task)** | | |

| | | |
|---|---|---|
| १. | अन्य मुलुकको बाटो प्रयोग गरी गैरकानूनीरुपमा बैदेशिक रोजगारमा जाने प्रवृत्तिलाई रोक्न कुटनीतिक प्रयास लगायत आवश्यक कार्य गर्ने। | परराष्ट्र मन्त्रालय,<br>गृह मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय, |
| २. | बिभिन्न मुलुकहरुसँग भएका श्रम सम्झौतामा आवश्यकता अनुसार परिमार्जन गर्ने वा नयाँ श्रम संझौता गर्ने र श्रम सम्झौता नभएका मुलुकहरुसँग श्रम सम्झौता गर्ने। | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय,<br>बैदेशिक रोजगार बिभाग |
| ३. | बैदेशिक रोजगारमा जाने कामदारहरुको न्यूनतम पारिश्रमिकलाई समयसापेक्ष बनाउन पहल गर्ने। | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय, |
| ४. | श्रम संझौतामा अन्य कुराहरुका अतिरिक्त Visa Extension, आवास, पानी, बिजुली लगायतका खर्चहरु रोजगारदाता कम्पनीबाटै व्यहोर्न पर्ने बिषयहरु समावेश गर्ने व्यवस्था मिलाउने र सो कुरा संभव नहुने भएमा ती खर्चहरुका सम्बन्धमा कामदारको कुनै दायित्व हुने/नहुने बिषयमा अनिवार्यरुपमा उल्लेख गर्ने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय,<br>बैदेशिक रोजगार बिभाग,<br>बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |
| ५. | गन्तव्य मुलुकका कारागार तथा Detention Camp हरुमा रहेका, अलेखबद्ध (Undocumented) रहेका एवं गैरकानूनीरुपमा बसोबास गरेका नेपाली कामदारलाई छिटो, सरल र सहज प्रकृयाबाट कम खर्चमा स्वदेश फिर्ता गर्ने व्यवस्था मिलाउन कुटनीतिक पहल गर्ने। साथै, निजले वा परिवारले नेपाल फर्कने खर्च व्यहोर्न नसक्नेहरुलाई खर्च व्यवस्था गरी फिर्ता गर्ने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड,राजदूतावासहरु, वैदेशिक रोजगार विभाग, अध्यागमन विभाग |
| ६. | गन्तव्य मुलुकमा नेपाली कामदारहरुलाई ठगी गर्ने, नक्कली कागजपत्र तयार गर्ने जस्ता काम कारबाहीमा संलग्न नेपालीहरुलाई आवश्यक कारवाहीका लागि सम्बन्धित कुटनीतिक नियोगमा खवर गर्ने । | श्रम तथा रोजगार मन्त्रालय र<br>नेपाली राजदूतावासले सम्बन्धित सरकारसँग समन्वय गरी गर्ने |
| ७. | गन्तव्य मुलुकमा श्रम सम्बन्धमा देखिएका समस्याहरु समाधान गर्न राजदूतावासहरुले सरोकारवालाहरुसंग नियमितरुपमा अन्तरक्रिया, छलफल गर्ने। | राजदूतावास |
| ८. | Demand letter सँगै सम्झौता पत्र (Employment Contract/Contract Agreement) जारी गर्ने व्यवस्था मिलाउने । | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय, |
| ९. | गन्तव्य मुलुकहरुमा रहेका नेपाली श्रमिकहरुलाई आवश्यकता अनुसार छिटो छरितो कानूनी सहायता उपलव्ध गराउने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |

| | | |
|---|---|---|
| १०. | गन्तव्य मुलुकको सरकारबाट नेपाली श्रमिकहरुमाथी थप व्ययभार र झंझट बढ्ने गरी नेपाली दुतावासहरुमाथी हुनसक्ने प्रभावलाई न्यूनीकरण गर्न आवश्यक पहल गर्ने। | परराष्ट्र मन्त्रालय |
| ११. | दक्षिण कोरिया सरकारसँग गरेजस्तै अन्य संभव भएसम्मका देशहरुसँग G2G प्रणालीका आधारमा EPS सम्झौता गरि बैदेशिक रोजगारलाई व्यवस्थित गर्ने। | परराष्ट्र मन्त्रालय<br>श्रम तथा रोजगार मन्त्रालय |
| १२. | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड लगायत निकायका प्रतिनिधिहरुले समय समयमा कामदारहरु कार्यरत रहेकै कम्पनी तथा स्थानहरुमा स्थलगत भ्रमण गरी यथार्थ स्थिती पत्ता लगाई Output देखिने गरी बिद्यमान समस्याहरुको समाधान गर्न पहल गर्ने। | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, वैदेशिक रोजगार विभाग |
| १३. | गन्तव्य मुलुकका रोजगारदाता कम्पनीहरुको समय समयमा अनुगमन गरी कामदारको अवस्था वुझ्ने र न्युनतम सुविधा दिलाउने कामलाई थप प्रभावकारी बनाउने। | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय<br>सम्बन्धित राजदूतावासहरु |
| १४. | कतारसँग भएको श्रम सम्झौता अनुसार गठित Joint Committee को कार्य प्रभावकारीता अभिबृद्धि गर्न आवश्यक व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय |
| **६. कार्य प्रक्रियामा सुधार (Simplification of Process)** | | |
| १. | श्रमिक मागपत्रलाई अनलाइन भेरीफिकेशन गरी बैदेशिक रोजगार विभाग, अध्यागन विभाग र दुतावासबीच मागपत्र आदान प्रदान, श्रम स्वीकृति, नविकरण लगायतका विषयमा अनलाइन कम्प्युटर प्रणाली मार्फत इन्टरलिंक गर्ने (Online demand verification, demand transaction between Embassy and DOFE and Online labor permit clearance etc.)। | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, सम्बन्धित दूतावासहरु, अध्यागमन विभाग, केद्रिय अनुसन्धान व्यूरो (Central Investigation Bureau) |
| २. | श्रम स्वीकृती नविकरण गर्दा बैंक तथा वित्तीय संस्थाहरुमा तोकिएको राजश्व बुझाए पछि श्रम नविकरणको स्टीकर पाउने गरी नविकरणलाई सरल र सहज बनाउने । (Renew outsourcing via financial institutions) | अर्थ मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय,<br>नेपाल राष्ट्र बैंक |
| ३. | गन्तव्य मुलुकमा श्रमिक पुगे/नपुगेको विषयको अनुगमन बैदेशिक रोजगार विभागबाट गर्ने र गन्तव्य मुलुकमा श्रमिक पुगिसकेपछि उनीहरुको निगरानी (Monitoring) दुतावासले गर्ने गरी आवश्यक | उल्लेखित निकायहरु |

| | | |
|---|---|---|
| | व्यवस्था मिलाउने। | |
| ४. | आपतकालिन अवस्थाको व्यवस्थापनका लागि राजदूतावासलाई बैदेशिक रोजगार कल्याणकारी कोषबाट आवश्यकता अनुसार एकमुष्ठ पेश्की दिने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |
| ५. | वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको विद्यमान संरचनालाई छरितो बनाई सो को प्रभावकारीता अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने । | श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड |
| ६. | शव व्यवस्थापनको लागि वैदेशिक रोजगार प्रर्वद्धन वोर्डले पठाएको रकमको अनुगमन गर्ने। | श्रम तथा रोजगार मन्त्रालय |
| **७. कर्मचारी व्यवस्थापनमा सुधार (Reform on Human Resource Management)** | | |
| १. | दुतावासहरुले आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन प्रतिबेदन (Organization and Management Survey) तयार गरी सम्बन्धित निकायमा जनशक्ति माग गर्ने।<br>**<u>यस्तो प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आवश्यकता अनुसार निम्नानुसारका कर्मचारीहरुको माग समावेश हुन सक्ने:</u>**<br>• आवश्यक संख्यामा श्रम सहचारी (कानूनमा भएकै व्यवस्था)<br>• Public Relation Officer (PRO) – स्थानीय कर्मचारी रहने गरी,<br>• श्रमिकका समस्याहरु (Labour Issues) हेर्नका लागि कुटनीतिक कर्मचारीभन्दा पनि स्थानीय कर्मचारी आवश्यक हो भने सो कुरा,<br>• दूतावासले २४ सै घण्टा रिसेप्सन सेवा प्रदान गर्न चाहिने जनशक्ति,<br>• दूतावासमा स्थानीय भाषा जान्ने दोभाषे/अनुवादक,<br>• Welfare Officer,<br>• मनोसामाजिक परामर्शकर्ता,<br>• कानून अधिकृत (स्थानीय कर्मचारी)<br>• चिकित्सक (सम्भव र आवश्यक भएमा)<br>• अन्य आवश्यक जनशक्ति, | परराष्ट्र मन्त्रालय |
| २. | दुतावासमा असल आचरण एवं व्यवहार भएका कर्मचारीहरु खटाउने र कार्यरत कर्मचारीमा अपेक्षित आचरण एवं व्यवहार नभएमा त्यस्ता कर्मचारीलाई आवश्यक कारवाही गर्ने। | परराष्ट्र मन्त्रालय |
| ३. | राजदूतावाससंग जनशक्तिको कमीका कारण नेपाल फर्कन प्राप्त गर्नु पर्ने कागजपत्रहरु तयार गर्न दूतावासका तर्फबाट नसकिने भए कामदारको अधिकतम हित हुने गरी के कसो गर्न उपयुक्त हुन्छ? अध्ययन गरी | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय |

| | | |
|---|---|---|
| | आवश्यक व्यवस्था मिलाउने। | |
| **८. कार्यालय संचालन र श्रोत साधनको व्यवस्थापन (Office Operations and Resource Management)** | | |
| १. | दूतावासमा रहेका पुराना गाडी, सामान तथा कागजातहरु कानून बमोजिम समयमै लिलाम गर्ने/ धुल्याउने। | परराष्ट्र मन्त्रालय |
| २. | दूतावासमा आवश्यक भौतिक श्रोत साधनको व्यवस्था, सुधार र आधुनिकिकरण गर्ने,<br>**<u>यस अन्तरगत अन्य कुराका अतिरिक्त निम्न कुराहरु हुन सक्छन्</u>**<br>• Labour migrants status and Worker Tracking गर्ने पद्धति विकास गरी सरोकारवाला निकायहरुबीच Information interlinked गर्ने बिषय,<br>• दूतावासले कामदारको अभिलेख (Labour Database) तयार गरी अद्यावधिक रुपमा अनलाइनमा राख्ने बिषय। | परराष्ट्र मन्त्रालय,<br>अर्थ मन्त्रालय |
| **९. तालिम एवं अभिमुखिकरणको कार्यमा सुधार (Reform on Training and Orientation)** | | |
| १. | वैदेशिक रोजगारमा जाने सम्भाव्य युवाहरुलाई राहदानी लिनु भन्दा अघि नै जिल्ला तहमा २/३ दिनको अभिमुखीकरण तालिम (जसलाई निर्णय पूर्वको तालिम भन्न सकिन्छ) उपलव्ध गराउने व्यवस्था मिलाउने। | बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, श्रम कार्यालयहरु |
| २. | बैदेशिक रोजगारीमा जाने व्यक्तिले कानुन बमोजिम सम्बन्धित कामको तालिम एवं अभिमुखिकरण तालिम वास्तवमै लिएको हो वा प्रमाणपत्र मात्र पेश गरेको हो भन्ने बिषयमा निगरानी राख्ने। | बैदेशिक रोजगार बिभाग |
| ३. | बैदेशिक रोजगारीका मुख्य गन्तव्य देशहरुको Country-Specific Information Tool Kit बनाइ (ब्रोसर/पुस्तिकाको रुपमा) वितरणको व्यवस्था मिलाउने। त्यस्तो Tool Kit मा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु हुनसक्नेः-<br>○ सम्बन्धित देशको चलनचल्तीमा अत्यधिक प्रयोग हुने शब्दहरु,<br>○ उक्त मुलुकमा गर्न हुने र नहुने कुराहरुको बुँदागत फेहरिस्त<br>○ दूतावासको टेलिफोन नम्बरहरु,<br>○ सम्बन्धित देशको सम्पर्क गर्नुपर्ने निकाय,<br>○ प्रहरी एम्बुलेन्स तथा अस्पतालको सम्पर्क नम्बर,<br>○ अन्य आवश्यक कुराहरु। | बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |
| ४. | बिदेशस्थित नेपाली कामदार रहेको प्रमुख शहरहरुमा नेपाली | नेपाली नियोगहरु |

| | | |
|---|---|---|
| | नियोगहरुबाट नियमित भ्रमण गर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, रोजगारदातासंग अनतर्क्रिया गर्ने र सरकारी निकायसंग समन्वय गर्ने। | |
| **१०. अन्य कार्यहरु** | | |
| १. | कामदार स्वदेश फर्किएपछि पुनस्थापना एवं पुनः एकिकरणमा सघाउ पुर्‍याउन उद्यमशिलता विकास एवं सीप विकास तालिम प्रदान गर्ने र व्यवसाय सुरुवात गर्नका लागि ऋण प्रवाह गर्ने संयन्त्र तयार पार्ने। | अर्थ मन्त्रालय,<br>उद्योग मन्त्रालय,<br>बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड |

## ११. सुझाव कार्यान्वयनको संयन्त्र

१. माथि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गर्न अन्तरनिकाय समन्वय र अन्य सहयोगको आवश्यकता हुने भएकोले सो कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

२. प्रस्तुत सुझावहरु कार्यान्वयन गर्न प्रस्ताव गरिएका निकायहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार थपघट गर्न सक्ने ।

३. उल्लेखित सुझावहरुको कार्यान्वयन अवस्था (Status) को सम्बन्धमा आयोगले समय समयमा सम्बन्धित निकायहरुसँग छलफल गर्ने र जानकारी लिने ।